बैठक नं. ३२

आज मिति २०८० असार २० गते, बुधबार बिहान ७:३० बजे प्रमुख श्री सुनिल प्रजापतिज्यूको अध्यक्षतामा भक्तपुर नगरपालिका नगर कार्यपालिका बैठक भनपा वडा नं. २ स्थित नयां भवन व्यासीमा निम्न उपस्थितिमा बसी निम्न विषयमा छलफल र निर्णय गरियो :

***उपस्थिति***

१. प्रमुख श्री सुनिल प्रजापति

२. उप–प्रमुख श्री रजनी जोशी

३. वडाध्यक्ष श्री श्याम कृष्ण खत्री

४. वडाध्यक्ष श्री हरि प्रसाद बासुकला

५. वडाध्यक्ष श्री राज कृष्ण गोरा

६. वडाध्यक्ष श्री उपेन्द्र सुवाल

७. वडाध्यक्ष श्री योगेन्द्रमान बिजुक्छें

८. वडाध्यक्ष श्री हरिराम सुवाल

९. वडाध्यक्ष श्री उकेश कवां

१०. वडाध्यक्ष श्री कृष्ण प्रसाद कोजु

११. वडाध्यक्ष श्री रविन्द्र ज्याख्व

१२. वडाध्यक्ष श्री लक्ष्मी प्रसाद ह्यौमिखा

१३. कार्यपालिका सदस्य श्री रोशनमैया सुवाल

१४. कार्यपालिका सदस्य श्री छोरीमैया सुजखु (प्रजापति)

१५. कार्यपालिका सदस्य श्री सुनिता प्रजापति (अवाल)

१६. कार्यपालिका सदस्य श्री कृष्णप्यारी भुजु

१७. कार्यपालिका सदस्य श्री रञ्जना त्वाती

१८. प्रमुख प्रशासकीय अधिकृत श्री बिजय कुमार शर्मा

**<u>विषयहरु :</u>**

**१. लेखा समितिको प्रतिवेदन सम्बन्धमा ।**

**२ कार्यविधि संशोधन सम्बन्धमा**

**३. समिति निर्णय अनुमोदन सम्बन्धमा ।**

**४. विविध ।**

**<u>निर्णयहरु :-</u>**

**१. यस नगरपालिकाको लेखा समितिको प्रतिवेदन, २०८० स्वीकृत गरी १४ औं नगर सभाको बैठकमा प्रस्तुत गर्ने निर्णय गरियो ।**

**२. भक्तपुर नगरपालिका काठ, ईटा र झिंगटी खरिद अनुदान सम्बन्धी कार्यविधि–२०७५ निम्नानुसार संशोधन गर्ने निर्णय गरियो :**

भक्तपुर नगरपालिकाको काठ, इँटा र झिँगटी खरिद अनुदानसम्बन्धी कार्यविधि - २०७५ मा दोस्रो संशोधनका लागि पेश गरिएको तिन महले विवरण

| क्र.सं. | सम्बन्धित दफा | साविकको व्यवस्था | संशोधन पछिको व्यवस्था | संशोधन हुनुपर्ने कारण |
|---|---|---|---|---|
| १. | बुँदा नं. १.२.६. | "मोहडा" भन्नाले बाटो वा चोकतर्फ फर्केको झ्याल-ढोकासहितको गारोलाई जनाउने छ । | "मोहडा" भन्नाले घरको मूलढोका भए रहेको बाटो वा चोकतर्फ फर्केको झ्याल-ढोकासहितको गारोलाई जनाउने छ । | मोहडा सम्बन्धमा निश्चितता सहित तोक्न आवश्यक भएकोले |
| २. | बुँदा नं. १.३.७. | संस्थागत भवन निर्माणको हकमा नगरपालिकाको बैठकले निर्णय गरेअनुसार अनुदान सहयोग दिइनेछ । | संस्थागत भवन निर्माणको हकमा अनुदान दिइने छैन । यस कार्यविधि अनुसार दिइने अनुदान व्यक्तिगत निजी भवनका लागि मात्र दिइनेछ । | अनुदान वितरणमा निश्चितताका लागि |
| ३. | बुँदा नं. १.५.१. | भवन निर्माणको लागि मोहदातर्फ लाग्ने दाचि अप्पा, बुटा अप्पा र झ्याल ढोकाको लागि लाग्ने काठ, बरण्डातर्फ लाग्ने काठ, छाना र पाखाको लागि लाग्ने झिंगटी भक्तपुर नगरपालिकाको न्यूनत्तम दररेट अनुसार कार्य मूल्यांकन गरी सो को ३५ प्रतिशत बराबर अनुदान सहयोग दिइनेछ । | भवन निर्माणको लागि मोहदातर्फ लाग्ने दाचि अप्पा, बुटा अप्पा, लोकल अप्पा लगायतका ईटा र झ्याल ढोकाको लागि लाग्ने काठ, बरण्डातर्फ लाग्ने काठ, छाना र पाखाको लागि लाग्ने झिंगटी भक्तपुर नगरपालिकाको न्यूनत्तम दररेट अनुसार कार्य मूल्यांकन गरी सो को ३५ प्रतिशत बराबर वा रु. ३,००,०००।- (तीन लाख रुपैयाँ) मध्ये जुन घटी हुन्छ सो बराबरको रकम अनुदान सहयोग दिइनेछ । | बढीभन्दा बढी सम्पदा मैत्री, मौलिक शैलीका घर, भवन निर्माण गर्ने व्यक्तिहरुलाई प्रोत्साहन गर्न र अनुदान रकमको सीमा तोक्न आवश्यक भएकोले |

**३. यस नगरपालिकाको देहायका विभिन्न समितिहरुको निम्न निर्णयहरु अनुमोदन गरियो :**

**<u>क. आर्थिक तथा लेखा समिति :</u>**

**मिति : २०८०।३।७ गते बसेको आर्थिक तथा लेखा समितिको निम्न निर्णयहरु अनुमोदन गरियो :**

**१. पार्किङ्ग व्यवस्थापन सम्बन्धमा छलफल हुंदा वडा नं. २, सानो ब्यासी नगरपालिका अगाडि र वडा नं. ५ भेलुखेल (कम्पोष्ट प्लान्ट) मा पार्किङ्ग व्यवस्थापन गर्ने निर्णय गरियो ।**

**मिति : २०८०।३।१९ गते बसेको आर्थिक तथा लेखा समितिको निम्न निर्णयहरु अनुमोदन गरियो :**

१. **भक्तपुर नगरपालिकालाई हस्तान्तरण भै आएको भक्तपुर वडा नं. ५ मा पर्ने कि.नं. ३६३ तथा वडा नं. ७ मा पर्ने कि.नं. ७५४ को जग्गा र सो जग्गामा बनेको गुठी घर मध्ये गुठी घरको भूईं तल्लामा रहेको २ वटा पसल कवलहरु प्रतिस्पर्धाबाट बहालमा दिन बाञ्छनीय देखिएकोले नगरपालिकाको नियम अनुसार साविक बहालमा २५ प्रतिशत थपेर हाल बहालमा लागेको वडा नं. ५ तर्फको पसल कवलको मासिक वहाल रु.१०,०००।- बाट १२,५००।- र वडा नं. ७ तर्फको पसल कवलको मासिक बहाल रु.२०,०००।- बाट २५ प्रतिशत थप गरी रु.२५,०००।- न्यूनत्तम बहाल अंक कायम गरी बढीमा ५ वर्षका लागि बहालम दिन साविकका शर्तहरु उल्लेख गरी सूचना प्रकाशित गर्ने निर्णय गरियो ।**

## ख. निर्माण समिति

मिति २०८०/०३/२० गतेको निर्माण समितिको निम्न निर्णयहरू अनुमोदन गर्ने निर्णय गरियो ।
मिति २०८०/०३/१३ गतेको बैठकको निर्णयहरू :

| क.सं | योजनाका विवरण | वडा नं | बजेट शीर्षक | ल.ई.रकम | रि ल.ई./ कबोल रकम | पेश्की | खर्च रकम | भुक्तानी रकम | मूल्यांकन रकम | योजनाको अवस्था | कार्य गर्ने | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| रि.ल.ई./म्याद थप स्वीकृति सम्बन्धमा | | | | | | | | | | | | |
| १ | इन्द्रायणी द्यो छें पुन:निर्माण कार्य (दोस्रो चरण) | २ | नपा | ९,९८२,३१२।५३ | ८,७८६,१३५।८१ | मिति २०८०/०९/१५ गतेसम्मका लागि म्याद थप गर्ने । | | | | | | |
| २ | तुमचो स्थित पानी ट्याकी निर्माण | ९ | नपा | ७,०००,०००।०० | | मिति २०८०/०९/१५ गतेसम्मका लागि म्याद थप गर्ने । | | | | | | |
| ३ | बाराही पुल परिसरमा एप्रोच रोड बनाउने र रिटेनिंग वाल निर्माण कार्य | ३ | बागमती प्रदेश समपूरक बजेट | ३०,६७१,९७१।२५ | १५,३१२,३५२।०२ | २०८०/०९/१५ गतेसम्म म्याद थप गर्ने | | | | | | स्थानीय विवादको कारण केही समय कार्य अवरूद्ध भएकोले म्याद थप गर्ने । |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ४ | शित भण्डारण गृह भवन निर्माण कार्य (पहिलो चरण) | ८ | संघीय सरकार समपूरक अनुदान | १०,०७१,१३७।७९ | ५,८२७,३१५।२३ | २०८०/०४/३० गतेसम्म म्याद थप गर्ने । | | | | स्थानीय विवादको कारण केही समय कार्य अवरूद्ध भएकोले म्याद थप गर्ने । |

**उपभोक्ता/अनुगमन समिति स्वीकृत सम्बन्धमा**

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | श्रीजनानगरस्थित हनुमन्ते खोलामा ढुङ्गाको पर्खाल निर्माण कार्य | १ | मर्मत | २०६,७४५।५१ | उ.स.अ. : श्री राजकुमार श्रेष्ठ<br>अ.स.स. : श्री सन्तोष कटुवाल | | | | |

**ल.ई./रि.ल.ई. स्वीकृति/पेश्की फछ्र्यौट/ भुक्तानी सम्बन्धमा**

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | इन्द्रायणी द्यो छें पुन:निर्माण कार्य (दोस्रो चरण) | २ | नपा | ९,९८२,३१२।५३ | ८,७८६,१३५।८१ | ३,५००,०००।०० | ८,४९८,९१३।६० | ४,५९८,९१३।६० | ८,९३७,३४७।७१ | सम्पन्न | विनोदचरण राय | रू. ४ लाख आर्थिक सहयोग प्राप्त |
| २ | भाज्या पोखरी केन्द्रमा जलेश्वर महादेव मन्दिर पुन:निर्माण | १ | नपा | ५,८०३,६५५।५४ | प्रथम पेश्की | १,९००,०००।०० | २,१०९,०९१।३८ | २०९,०९१।३८ | २,६८१,६३४।०० | सम्पन्न | लक्ष्मी नारायण राजलवट | रू. ३,१३,२८१।०६ भनपाको बैंक खातामा दाखिला गरी फिर्ता |
| | | | | | दोस्रो पेश्की | १,२००,०००।०० | ८८६,७१८।९४ | ३१३,२८१।०६ | १,३८५,२८५।७७ | | | |
| | | | | | **जम्मा** | **३,१००,०००।००** | **२,९९५,८१०।३२** | **५२२,३७२।४४** | **४,०६६,९१९।७७** | | | |
| ३ | हनुमानघाट बाट खंचा, झर्तिलासम्म खानेपानी पाइप विस्तार कार्य | ७ | खानेपानी | ७०८,८०६।२३ | प्रथम पेश्की | १४०,०००।०० | २५२,३३१।२९ | ११२,३३१।२९ | ५१५,१२०।७४ | सम्पन्न | रामशरण लागे | दोस्रो पेश्की फछ्र्यौट गरी नपुग रकम भुक्तानी गर्ने |
| | | | | | दोस्रो पेश्की | १४०,०००।०० | २२६,२१०।३४ | ८६,२१०।३४ | | | | |
| | | | | | **जम्मा** | **२८०,०००।००** | **४७८,५४१।६३** | **१९८,५४१।६३** | | | | |
| ४ | महेश्वरी खेल मैदान परिसर पीच मर्मत कार्य | ७ | सडक कालोपत्रे | १,०३५,९९७।२९ | | २९०,०००।०० | ९६१,९२६।५० | ६७१,९२६।५० | १,००३,८११।३० | सम्पन्न | राजकुमार बनमाला | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ५ | इसानेश्वर महादेव मन्दिर पुन:निर्माण कार्य | १ | संघीय सरकार सशर्त अनुदान | २,२२६,८०९।४२ | | ६५०,०००।०० | १,९९८,५९२।७४ | १,३४८,५९२।७४ | २,२१६,४६७।३३ | सम्पन्न | नारायणप्रसाद कोइराला | |
| ६ | हनुमन्ते खोला सुधार (सिंहख्वाते क्षेत्र) | १ | मर्मत | ६८६,७२६।१२ | | | ६६,४८१।५० | ६६,४८१।५० | २०४,८५६।९८ | सम्पन्न | रमेश कोजू | |
| ७ | भनपाको नक्सा शाखामा एल्मोनियम पार्टेशन वाल मर्मत कार्य | २ | मर्मत | ३४,२५२।७६ | | | ३०,१५५।०० | ३०,१५५।०० | ३२,३८०।१६ | सम्पन्न | सन्देश गोसाई | अमानत बाट |
| ८ | तुमचो र ख्वप अस्पताल परिसर बाटो मर्मत कार्य | ९ | मर्मत | १८१,२९७।४६ | | | १३५,५२६।१७ | ज्याला भुक्तानी रू. ५३,०२५।०० | सामान रू. ८२,५०१।१७ ज्याला रू. ८७,६०७।५८ | सम्पन्न | नारायण भक्त हेंगो | अमानत बाट |
| ९ | वडा नं. १ देखि १० सम्म निर्माण सम्बन्धी नियमित मर्मत कार्य (जेठ महिना) | १ँ१० | मर्मत | ८९,८९२।६० | | | ७२,२६७।०७ | ज्याला भुक्तानी रू. ४८,३२५।०० | सामान रू. २३,९४२।०७ ज्याला रू. ६२,५७७।३७ | सम्पन्न | नारायण भक्त हेंगो | अमानत बाट |
| १० | बिस्का जात्रा रूटहरू त:मारी, गहिती, लैको, खलां भैलख्य, तथा ल्योसिंख्य लगायतका क्षेत्रमा सडक बत्ती मर्मत कार्य | ४ | मर्मत | १३७,३११।२० | २०४,०५७।५० | ४५,०००।०० | ११६,७०९।६८ | ७१,७०९।६८ | १९२,१७३।६८ | सम्पन्न | शिवराम किजु | |
| ११ | बिस्का जात्रा रूटहरू त:मारी, गहिती, लैको, | ५ | मर्मत | २८५,७०३।०० | ३९७,८६१।७६ | ९४,०००।०० | २७६,३७५।५ | १८२,३७५।५० | ३८२,९४२।५० | सम्पन्न | सीताराम भ्वयद्य | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | खलां भैलख्य, तथा ल्योसिंख्य लगायतका क्षेत्रमा सडक बत्ती मर्मत कार्य | | | | | | ० | | | | | |
| १२ | भार्वाचोदेखि तचपालसम्म सीसीटीभी मर्मत कार्य | | मर्मत | ४७३,०८४।५९ | | | ४१०,२००।०० | ४१०,२००।०० | ४६०,३०९।३५ | सम्पन्न | Neptronix Enterprises, Balaju, KTM | |
| १३ | जिल्ला प्रशासन कार्यालय, भक्तपुर कार्यालय परिसरमा सेफ्टी ट्याङ्की र ढल व्यवस्थापन कार्य | ३ | मर्मत | २०९,७०५।३८ | | ६५,०००।०० | ८३,१८०।०० | १८,१८०।०० | १०७,०२५।२६ | सम्पन्न | श्रीराम विरवल | |

**निर्माण समितिको मिति २०८०/०३/१९ गतेको बैठकको निर्णयहरू :**

| क्र.सं | योजनाका विवरण | वडा नं | बजेट शीर्षक | ल.ई.रकम | रि.ल.ई./कबोल रकम | पेश्की | खर्च रकम | भुक्तानी रकम | मूल्यांकन रकम | योजनाको अवस्था | कार्य गर्ने | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | **ल.ई./रि.ल.ई. स्वीकृति/पेश्की फछ्र्यौट/ भुक्तानी सम्बन्धमा** | | | | | | | | | | | |
| १ | शित भण्डारण गृह भवन निर्माण कार्य (पहिलो चरण) | ८ | संघीय सरकार समपूरक अनुदान | ल.ई.:१०,०७१,१३७।७९ रि.ल.ई.:९,५९०,६१५।५७ | कबोल अंक ५,८२७,३१५।२३ परिमार्जित कबोल अंक:५,६१३,०२१।९२ | | ४,६७३,४२९।५९ | ४,६७३,४२९।५९ | ४,६७३,४२९।५९ | आंशिक सम्पन्न | Jay Kalika Builders and Engineering Pvt. Ltd., Kathmandu | |
| २ | ख्वप इन्जिनियरिंग कलेजको ब्लक (बी) भवन निर्माण | ८ | संघीय सरकार विशेष अनुदान | १२५,८१५,००७।९८ | कबोल अ० : १०१,९७७,८०२।७३ | | २०,११५,३८८।११ | १५,०००,०००।०० | २०,११५,३८८।११ | चालु | ख्वप इन्जिनियरिङ कलेज बाट कार्यान्वयन भइरहेको | बिनियोजित रकम निकाशा । भुक्तानी |
| ३ | हनुमन्ते खोला सुधार (धालाखुसी | १ | संघीय सरकार | १९,८०३,३९५।१७ | कबोल अंक | प्रथम रनिé | ३,४८७,६४०।० | ३,४८७,६४ | ३,४८७,६४०।०० | सम्पन्न | K. B. Sons Construction and | अन्तिम बिल |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पुलदेखि सल्लाघारी पुलसम्म) | | विशेष अनुदान | | ८,९४८,६५९। | बिल | ० | ०।०० | | | Suppliers, Kageshwori | भुक्तानी |
| | | | | | | दोस्रो रनिé बिल | ५,२१०,११५।५१ | ५,२१०,११५।५१ | ५,२१०,११५।५१ | | | |
| | | | | | | **जम्मा** | **८,६९७,७५५।५१** | **८,६९७,७५५।५१** | **८,६९७,७५५।५१** | | | |
| ४ | खंचा पोखरी स्वास्थ्य चौकी भवन निर्माण | ७ | बागमती प्रदेश विशेष अनुदान | ११,५३१,१५५।३० | ५,७५५,६५०।०३ | प्रथम रनिé बिल | ३,६६५,०३१।६८ | ३,६६५,०३१।६८ | ३,६६५,०३१।६८ | सम्पन्न | Munal construction company pvt. Ltd., Kageshori -1 Kathmandu | प्रथम रनिंग बिलमा रू. १५१२२२।९१ बढी भुक्तानी भएकोले दोस्रो रनिंग बिलबाट कट्टा गरी भुक्तानी गर्ने |
| | | | | | | दोस्रो रनिé बिल | १,८२९,२३७।९७ | १,६७८,०१५।०६ | १,८२९,२३७।९७ | | | |
| | | | | | | **जम्मा** | **५,४९४,२६९।६५** | **५,३४३,०४६।७४** | **५,४९४,२६९।६५** | | | |
| ५ | नःपुखुको चारैतिरको पर्खाल मर्मत | १ | नपा | २,२८५,४४२।०० | प्रथम पेश्की | ६५०,०००।०० | ८६५,७७९।९७ | २१५,७७९।९७ | १,१७९,६२०।०३ | सम्पन्न | पृथ्वी नारायण गोठे | |
| | | | | | दोस्रो पेश्की | ८००,०००।०० | १,०७०,०१८।०० | २७०,०१८।०० | १,३९५,१४८।०० | | | |
| | | | | | **जम्मा** | **१,४५०,०००।००** | **१,९३५,७९७।९७** | **४८५,७९७।९७** | **२,५७४,७६८।०३** | | | |
| ६ | कमलविनायक प्लानिंग अन्डरग्राउन्ड खानेपानी ट्यांकी निर्माण कार्य | १० | बागमती प्रदेश सशर्त अनुदान | ३,३५९,५९९।०४ | प्रथम पेश्की | ८००,०००।०० | १,५४३,५१५।४२ | ७४३,५१५।४२ | १,५४३,५१५।४२ | आंशिक सम्पन्न | पुण्यराम लवजु | |
| | | | | | दोस्रो पेश्की | ८००,०००।०० | ९८९,८०१।८६ | १८९,८०१।८६ | ९९१,३६४।७७ | | | |
| | | | | | **जम्मा** | **१,६००,०००।००** | **२,५३३,३१७।२८** | **९३३,३१७।२८** | **२,५३४,८८०।१९** | | | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ७ | शारदा मा.वि. भवन निर्माण कार्य (छाना छाउने काठ) | २ | नपा | २,१६४,३६३।२२ | | ६६०,०००।०० | १,९९९,८१५।०० | १,३३९,८१५।०० | २,१७५,६९६।०५ | सम्पन्न | रत्नकाजी नायभारी | |
| ८ | ख्वप टेलिभिजन भवन परिसरको बाटोमा ढुंगा छपाई कार्य | ८ | नपा | ९३४,९१०।५६ | | ३००,०००।०० | ७९८,९४६।२६ | ४९८,९४६।२६ | ८९५,२६४।७९ | सम्पन्न | सत्यप्रसाद प्रजापति | |
| ९ | आदर निकेतन भवन निर्माण | ६ | नपा | ७,९९९,९२४।३१ | ८,५८९,६७५।८४ | १,६५०,०००।०० | १,८३८,२२६।०६ | २०८,२८०।०४ | १,९४४,५७१।७४ | सम्पन्न | जगनाथ सुजखु | तेस्रो पेश्की फछ्र्यौंट गरी नपुग रकम भुक्तानी गर्ने । |
| | | | | | | १,६५०,०००।०० | १,६७०,०५३।९८ | २०८,२८०।०४ | १,८९३,०३५।३९ | | | |
| | | | | | | १,४९१,७००।०० | ३,५४५,७५०।०० | २,०५४,०५०।०० | ३,५६०,०१२।६३ | | | |
| | | | | | | **४,७९१,७००।००** | **७,०५४,०३०।०४** | **२,४७०,६१०।०८** | **७,३९७,६१९।७६** | | | |
| १० | सिद्धपाखेरीको दक्षिणतर्फ ब्लक छाप्ने कार्य | १ | पार्किङ्ग तथा तहरा निर्माण ( नपा) | १,८६६,६३७।४४ | प्रथम पेश्की | ७५०,०००।०० | १,११०,३६०।९६ | ३६०,३६०।९६ | १,२५५,५३९।७३ | सम्पन्न | बाबु काजी धौबन्जार | दोस्रो पेश्की फछ्र्यौंट गरी नपुग रकम भुक्तानी गर्ने । |
| | | | | | दोस्रो पेश्की | १८०,०००।०० | ३८४,२३८।३३ | २०४,२३८।३३ | ४२७,८२७।५४ | | | |
| | | | | | **जम्मा** | **९३०,०००।००** | **१,४९४,५९९।२९** | **५६४,५९९।२९** | **१,६८३,३६७।२७** | | | |
| ११ | कमलविनायक बाल उद्यान स्तरोन्नती | १० | नपा | २,५४२,५०१।४९ | ७९७,३७८।१५ | ८००,०००।०० | ७५१,२६६।३३ | | ७७७,९३१।९४ | सम्पन्न | श्यामप्रसाद प्रजापति | रू. ४८,७३३।६७ नपाको बैंक खातामा जम्मा गरी फिर्ता |
| १२ | चोछें महादेव चोकमा पर्खाल मर्मत कार्य | ६ | मर्मत | ७४,७९२।०६ | | | ६५,५०९।०० | ६५,५०९।०० | ६७,४३९।५९ | सम्पन्न | विष्णु भक्त सुवाल | अमानत बाट |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १३ | भेलुखेलस्थित तरकारी बजारको कम्पाउण्डभित्र निकास मर्मत कार्य | ५ | मर्मत | ५२९,६७७।९२ | | १५०,०००।०० | २६६,०७६।०० | ११६,०७६।०० | ३०४,३४१।५० | सम्पन्न | शिव कुमार बेताल | |
| १४ | भक्तपुर नगरपालिकाको प्रेशको गेट बनाउने कार्य | २ | मर्मत | ५५,४८५।७९ | | १८,०००।०० | ५३,२५५।५४ | ३५,२५५।५४ | ५४,९६३।०६ | सम्पन्न | लक्ष्मण सुवाल | अमानत बाट |
| १५ | इचाडोलदेखि हनुमान पाटीसम्म ढुंगा छपाई र बाटो मर्मत कार्य | १ | सडक बोर्ड नेपाल नपा | १,०००,२८१।७८ | | ३००,०००।०० | ८९६,९२४।०० | ५९६,९२४।०० | १,०४९,४९६।३० | सम्पन्न | तुल्सी माया सुवाल | |
| १६ | ठूलो ब्यासीको ढुंगा छपाई र गल्ली बाटो मर्मत कार्य | २ | सडक बोर्ड नेपाल नपा | १,०००,८६३।०८ | | ३००,०००।०० | ८९६,८५०।०० | ५९६,८५०।०० | १,००१,०६७।४० | सम्पन्न | सत्य नारायण बासुकला | |
| १७ | घलातेदेखि याकती मार्गसम्म इन्टरलगिंग ब्लक छपाई र बाटो मर्मत कार्य | ३ | सडक बोर्ड नेपाल नपा | १,०२३,६९८।०५ | | ३००,०००।०० | ८६५,५३९।०० | ५६५,५३९।०० | १,०२३,८६८।९२ | सम्पन्न | सुशिल श्यामा | |
| १८ | गपली ढुंगेधारादेखि दोको फल्चासम्मको ढुंगा छपाई र बाटो मर्मत कार्य | ४ | सडक बोर्ड नेपाल नपा | ९९९,४३२।५५ | | ३००,०००।०० | ९२९,९६६।०० | ६२९,९६६।०० | १,१९०,६०४।२६ | सम्पन्न | संगिता शुद्धकार | |
| १९ | भेलुखेलदेखि टौमढीसम्मको ढुंगा छपाई र बाटो मर्मत कार्य | ५ | सडक बोर्ड नेपाल नपा | १,०००,८७२।५८ | | ३००,०००।०० | ८९९,४९३।१६ | ५९९,४९३।१६ | १,१३०,१५४।१४ | सम्पन्न | केशव तमखु | |
| २० | छुमा गणेश मन्दिर परिसरको ढुंगा छपाई बाटो मर्मत कार्य | ६ | सडक बोर्ड नेपाल नपा | १,००३,१४७।९५ | | ३००,०००।०० | ८९६,४४८।८० | ५९६,४४८।८० | १,१७५,८१८।९१ | सम्पन्न | कृष्णहरि खोतेजा | |
| २१ | क्वाकचा चोक क्षेत्रमा ढुंगा छपाई बाटो मर्मत कार्य | ७ | सडक बोर्ड नेपाल नपा | १,००५,९६३।८५ | | ३००,०००।०० | ८९९,७६९।६४ | ५९९,७६९।६४ | १,१२५,०५८।२३ | सम्पन्न | एण्डिज ग्वाछा | |
| २२ | ब्रम्हायणी पुलदेखि थुसाचा पुलसम्मको खोला छेउको ट्र्याक बाटोमा ग्राभेल हाली मर्मत | ८ | सडक बोर्ड नेपाल नपा | १,००८,५१८।२८ | | ३००,०००।०० | ९१९,८०६।०० | ६१९,८०६।०० | १,०९८,२७२।२४ | सम्पन्न | विकल गोसाई | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | कार्य | | | | | | | | | | | |
| २३ | तुमचो दुगुरे चोखा प्लानिंग क्षेत्रको इन्टरलकिंग ब्लक छपाई फुटपाथ बाटो मर्मत कार्य | ९ | सडक बोर्ड नेपाल नपा | ९७६,५७८।०६ | | ३००,०००।०० | ८९९,६९८।०० | ५९९,६९८।०० | १,०९१,७४३।४७ | सम्पन्न | बाबुकाजी गोसाई | |
| २४ | बेखालस्थित टुरिष्ट काउण्टरदेखि महालक्ष्मी मन्दिरसम्मको ढुंगा छपाई बाटो मर्मत कार्य | १० | सडक बोर्ड नेपाल नपा | ९९९,५४५।१६ | | ३००,०००।०० | ८९८,६९९।८० | ५९८,६९९।८० | १,१९१,९५२।७० | सम्पन्न | लक्ष्मीभक्त सुवाल | |
| २५ | लिबाली बसपार्क स्थित ख्वप अस्पतालको उत्तरतर्फको बाटो पीच कार्य | ८ | नपा | ५५२,७९२।९० | | २००,०००।०० | २०४,४३२।०० | ४,४३२।०० | २३७,१६२।६५ | आंशिक सम्पन्न | हरिभक्त ढुकुछु | थप पेश्की २ लाख |
| २६ | लान्चा फल्चादेखि तुमचो जाने बाटो र नगरकोट सडकबाट बागीश्वरी कलेज जाने बाटोमा सडक बत्ती जडान कार्य | १० | मर्मत | १४२,९२४।१९ | १३८,२१४।०० | ४०,०००।०० | ९४,५३५।३५ | ५४,५३५।३५ | १३३,४५५।३५ | सम्पन्न | ईश्वर मान दुमरू | |
| २७ | पर्यटक सेवा तथा पर्यटक सूचना केन्द्र, ब्यासीमा विद्युतीय ब्याकअप प्रणाली जडान कार्य | २ | मर्मत | १८८,८६२।८९ | | | १७१,९९०।०० | १७१,९९०।०० | १८५,७९८।०० | सम्पन्न | सरोज दथेपुथे | |
| २८ | पर्यटक सेवा केन्द्र तथा पर्यटक सूचना केन्द्रमा इन्टरनेट र सीसीटीभीलगायत मर्मत कार्य | २ | मर्मत | ५४,९१०।४५ | | १८,०००।०० | ३८,२१२।०० | २०,२१२।०० | ४६,०६६।५३ | सम्पन्न | न्हुछेराम कोजु | |
| २९ | कमलविनायक स्थित चांगु नारायण मन्दिर पुन:निर्माण कार्य | १० | मर्मत | ४४४,११७।२७ | ५४५,६४९।०८ | १५०,०००।०० | ३८७,३२५।७४ | २३७,३२५।७४ | ४८२,२३५।४९ | सम्पन्न | तीर्थमान दुमरू | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ३० | आधारभूत स्वास्थ्य केन्द्र भवन निर्माण कार्य, नपाली | १ | संघीय सरकार सशर्त अनुदान | ३,९५३,०३८।९० | | १,१५५,०००।०० | ३,०९०,९४८।४२ | १,९३५,९४८।४२ | ३,५७९,१३७।२२ | आंशिक सम्पन्न | ढकराज थापा | थप पेश्की रू. ३ लाख दिने |
| ३१ | तुमचो दुगुरे आवास क्षेत्रको ठगाना प्रणाली लागु गर्ने | ९ | वातावरण शीर्षक | १,३५९,१३८।०० | | ४४०,०००।०० | ४७४,९९६।९३ | ३४,९९६।९३ | ४८८,३८०।९० | आंशिक सम्पन्न | विष्णु प्रसाद दुमरू | थप पेश्की रू. ४ लाख ४० हजार दिने |
| ३२ | श्रीजनानगरस्थित हनुमन्ते खोलामा ढुंगाको पर्खाल निर्माण कार्य | १ | मर्मत | २०६,७४५।५१ | | | १४२,९१२।०० | १४२,९१२।०० | १९१,३६४।२६ | सम्पन्न | राजकुमार श्रेष्ठ | |
| ३३ | हनुमानघाट सुधारिएको शवदाह गृह परिसरमा प्रतिक्षालय निर्माण कार्य | ७ | नपा | ४,६३६,०१३।३५ | ४,७४४,६७७।१२ | ८००,०००।०० | १,२०५,३३०।३७ | ४०५,३३०।३७ | १,२४०,५६८।६१ | सम्पन्न | बद्रीराम छुस्याबाग | दोस्रो पेश्की फछ्र्यौट गरी नपुग रकम भुक्तानी गर्ने । |
| | | | | | | ८००,०००।०० | २,७१३,५२७।८७ | १,९१३,५२७।८७ | २,७५०,७७०।५३ | | | |
| | | | | | | १,६००,०००।०० | ३,९१८,८५८।२४ | २,३१८,८५८।२४ | ३,९९१,३३९।१४ | | | |
| ३४ | सानो व्यासीदेखि जिल्ला प्रशासन कार्यालयसम्मको बाटोमा ढुंगा छपाई कार्य | २ | नपा | १,७४३,२११।८३ | | ५२०,०००।०० | ६५७,४५४।८० | १३७,४५४।८० | ६८७,०७५।३० | सम्पन्न | हरिप्रसाद सुवाल | थप पेश्की रू. ५ लाख २० हजार दिने |
| ३५ | सूर्यविनायकदेखि च्याम्हासिंहसम्म खानेपानी पाइप जडान कार्य *(नपुग बजेट खानेपानी शीर्षकबाट व्यहोर्ने)* | ३, ४, ५, ७, ८ र ९ | बागमती प्रदेश सशर्त र नपा | ५,१०९,८४६।०४ | ३,३५६,५८७।९० | १,६५०,०००।०० | २,३४९,४७७।२३ | ६९९,४७७।२३ | २,५११,१७०।४९ | आंशिक सम्पन्न | महेन्द्र खायमली | |
| ३६ | गपलीदेखि दोका फल्चासम्म ढुङ्गा छपाई मर्मत कार्य | ४ | नपा | २,२०९,०८३।१२ | | ७२५,०००।०० | २,१९९,२३६।५० | १,४७४,२३६।५० | २,८७०,५९४।१५ | सम्पन्न | रविन छुस्याकी | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ३७ | छिपा तां (पुल) परिसर ढुंगा छपाई तथा घाट मर्मत | ७ | नपा | २,२८५,४६७।५२ | २,४०१,१५३।४१ | ६५०,०००।०० | १,६७७,९४३।१४ | १,०२७,९४३।१४ | १,७७२,०५३।६७ | आंशिक सम्पन्न | रत्नलाल सांद | थप पेश्की रू. ५ लाख दिने |
| ३८ | तुमचो, दुगुरे क्षेत्रमा खानेपानी पाइप बिछ्याउने कार्य | ९ | नपा | १,९५४,५७७।१० | | ६४०,०००।०० | ८१०,५००।०० | १७०,५००।०० | ८१२,९३१।४४ | सम्पन्न | लक्ष्मीप्रसाद कुसी | |
| | **ल.ई. स्वीकृति सम्बन्धमा** | | | | | | | | | | | |
| १ | च्याम्हासिंह टुरिष्ट काउण्टरदेखि वाकुपति नारायण मन्दिरसम्म बाटो मर्मत कार्य | ९ | मर्मत | ९७,२८५।९१ | | | | | | | | |
| | **ठेक्का रद्द गर्ने सम्बन्धमा** | | | | | | | | | | | |
| १० | हनुमन्ते खोला सुधार (धालाखुसीदेखि सल्लाघारीसम्म) दोस्रो चरण कार्य (ठेक्का नं. bktmun/works/03/2079/80) को ठेक्का मूल्यांकन प्रकृया नटुंगिएको, कार्यान्वय गर्ने समय अभाव र स्रोत अनिश्चितता भएकोले उक्त ठेक्का रद्द गर्ने निर्णय गरियो । | | | | | | | | | | | |
| | **म्याद थप सम्बन्धमा** | | | | | | | | | | | |
| १ | लिबाली कभर्ड हल जाने बाटो पीच कार्य | ८ | नपा | २,५५२,८०७।१५ | | | २०८०/०९/१५ गतेसम्म म्याद थप गर्ने । | | | | | |
| २ | लिबाली बसपार्क स्थित ख्वप अस्पतालको उत्तरतर्फको बाटो पीच कार्य | ८ | नपा | ५५२,७९२।९० | | | २०८०/०९/१५ गतेसम्म म्याद थप गर्ने । | | | | | |
| ३ | कमलविनायक आवास क्षेत्रमा पीच | १० | बागमती प्रदेश सशर्त अनुदान | ५,३५१,११८।५७ | | | २०८०/०९/१५ गतेसम्म म्याद थप गर्ने । | | | | | |
| ४ | तुमचो दुगुरे आवास क्षेत्रको ठगाना प्रणाली लागु गर्ने | ९ | वातावरण शीर्षक | १,३५९,१३८।०० | | | २०८०/०९/१५ गतेसम्म म्याद थप गर्ने । | | | | | |
| ५ | कमलविनायक प्लानिहमा सडक पीच तथा पेटी निर्माण कार्य | १० | नपा | २,१८०,०००।०० | | | २०८०/०९/१५ गतेसम्म म्याद थप गर्ने । | | | | | |

ख. भक्तपुर नगरपालिकाको कार्यपालिका बैठकले यस नगरपालिका क्षेत्रमा २०७२ बैशाख मसान्त अघि नै ९''X९'' र ९''X१२'' पिलर राखी भवन निर्माण गरेका नगरवासीहरुको नक्सा सम्बन्धमा निर्माण समितिबाट निम्न मितिमा देहायका नगरवासीहरुको नक्सा फिल्ड निरीक्षण गरी तल्ला थप नक्सा स्वीकृतिको लागि प्रक्रिया अगाडि बढाउने भनी गरिएको निर्णय अनुमोदन गरियो :

| क्र. सं. | निवेदकको नाम/थर | निर्माण ठेगाना | कि.नं. | क्षेत्रफल | विवरण | निर्माण समिति निर्णय मिति |
|---|---|---|---|---|---|---|
| १. | निर्मल गिरी | भ.न.पा. वडा नं. १० साविक वडा नं. ४ | ८२३ र ८३१ | ०-४-०-० | ९''X१२'' पिलर साईजमा तल्ला थप नक्सा पेश । | २०८०।०२।२८ |
| २. | दिलिप प्रजापति | भ.न.पा. वडा नं. ९ साविक वडा नं. १ | २४७ | ०-४-०-० | ९''X१२'' पिलर साईजमा तल्ला थप नक्सा पेश । | २०८०।०२।२८ |
| ३. | मन्दिर प्रजापति | भ.न.पा. वडा नं. ८ साविक वडा नं. २ | ५०३ | ०-२-२-० | ९''X१२'' पिलर साईजमा तल्ला थप नक्सा पेश । | २०८०।०२।२८ |

४. विविध विषयमा छलफल हुंदा निम्नानुसार गर्ने निर्णय गरियो :

क. भक्तपुर नगरपालिका क्षेत्रका देहाय बमोजिम अनुसार जग्गा वर्गीकरण गरी न्यूनत्तम मूल्यांकन सम्बन्धी मूल्य निर्धारण गरी भूमि सुधार तथा मालपोत कार्यालय, भक्तपुरमा लेखी पठाउने निर्णय गरियो :

ख. यस नगरपालिकाद्वारा संचालित तुमचो, दुगुरे, चोखा जग्गा आयोजना क्षेत्रमा परेको साविक (ङ) कि.नं. २६६ क्षे.फ. ०-२-३-० भएको जग्गाको आयोजनाबाट ४४.४६ व.मि. थप भई जम्मा क्षे.फ. ११३.१० व.मी. वापत रु.१०,००,०००।- (अक्षेरुपी रु. दश लाख) मिति २०७५ साल जेष्ठ ३१ गते बुझाएकोमा आयोजनाबाट नक्सा संशोधन गरी हाल विकसित घडेरी फिर्ता लिंदा जग्गा धनी प्रमाण पुर्जामा जम्मा ९७.५८ मात्र क्षे.फ. कायम भई थप जग्गा २८.९४. व.मि. मात्र भई रु.६,८२,४००।- मात्र बुझाए पुग्ने भएको हुंदा थप बुझाएको रु.३,१७,६००।- नगरपालिकाको पूर्व निर्णयानुसार ब्याजसहित फिर्ता गर्ने निर्णय गरियो ।

ग. यस नगरपालिकामा विगत ११/१२ वर्षदेखि ड्राइभर कार्य गर्दै आएका देहाय बमोजिमका टिपन टापन र हेल्पर पदका कर्मचारीहरुको मिति २०७९।३।१४ गते बसेको मन्त्री परिषदको बैठकले गरेको सेवा समूह र पद परिवर्तन गर्ने निर्णय अनुसार मिति २०८०।४।१ गतेदेखि लागू हुने गरी खाईपाई आएको तलव र सेवा सुविधामा कमी नआउने गरी आवश्यक व्यवस्था मिलाई तपसिल बमोजिमका कर्मचारीहरुको पद ड्राइभर पदमा पद मिलान गर्ने निर्णय गरियो :

**तपसिल**

| क्र.सं. | नामथर | हालको पद | कायम हुने पद |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| १ | तुल्सीराम ह्यौंगोजु | हेल्पर | हल्का सवारी चालक (ड्राइभर) |
| २ | लक्ष्मी सुन्दर ह्यौंगोजु | हेल्पर | ऐ.ऐ. |
| ३ | सम्शेर सुवाल | हेल्पर | ऐ.ऐ. |
| ४ | आसराम नागा | टिपन टापन | ऐ.ऐ. |

**घ. आ.व. २०७९/०८० मा विभिन्न शीर्षकहरुको दायित्व भुक्तानीका लागि तथा नपुग रकम भुक्तानीका लागि बजेटमा संशोधन भई रकमान्तर गर्न आवश्यक देखिएकोले तपसिल बमोजिम रकमान्तर गर्ने निर्णय गरियो**

चालू तर्फ

| क्र.सं. | शीर्षकमा घटाउने | रकम | शीर्षकमा थप गर्ने | कारण |
|---|---|---|---|---|
| १ | उत्पादन सामाग्री | १०,००,०००।- | पत्र पत्रिका तथा सूचना | दायित्व भुक्तानी गर्न |
| २ | पानी र बिजुली | ६,००,०००।- | इन्धन सवारी | ऐ.ऐ. |

ङ. भक्तपुर नगरपालिकाद्वारा संचालित फोहर मैला संकलन गर्ने बा १ क ८१५६ नं. स्काई भाइटर चेन डोजरमा मोबिल फेरेको, मोबिल फिल्टर, डिजेल फिल्टर, हाइड्रोलिक आयल, कलर बुस, गियर आयल फेरे वापत रु.३,०९,०१५।३ हाम्रो हेभी ईकुपमेन्ट वर्कशप प्रा.लि. लाई भुक्तानी दिने निर्णय गरियो ।

च. भक्तपुर नगरपालिकाद्वारा संचालित बा ३ च ७१५० नं. को गाडीमा आवश्यक पार्ट पुर्जा हाली मर्मत गरे वापत रु. ५०,२६२।४० र बा २ च ९८०८ नं. गाडी मर्मत गरे वापत रु. ४८,७५३।८५ गरी कुल जम्मा रु.९९,०१६।२५ अजिमा अटो वर्कशपलाई भुक्तानी दिने निर्णय गरियो ।

छ. भक्तपुर नगरपालिकाद्वारा संचालित BAC ९०७१ नं. जिपको ईन्जिन, पम्प र अन्य आवश्यक सामानहरु खरिद गरी मर्मत गरे वापत रु.२,७३,०२५।७४ र BAC ४९५३ नं गाडीमा आवश्यक सामान मर्मत गरे वापत रु. ६६,७६७।१८ गरी कुल जम्मा रु. ३३९,७९२।९२ डियरवाक अटो सर्भिसेस प्रा.लि.लाई भुक्तानी दिने निर्णय गरियो ।

ज. भक्तपुर नगरपालिकाद्वारा संचालित FA A ०२८५ नं. गाडीमा मर्मत गरे वापत रु. ५,५३७।- सिद्धि गणेश मोटर पार्टस्लाई भुक्तानी दिने निर्णय गरियो ।

झ. भक्तपुर नगरपालिकाद्वारा संचालित बा २ च ९८०८ नं. जिप्सि गाडी सर्भिसिङ्ग गरी सामान फेरे वापत रु.६,१०२।- धन श्री अटो केयरलाई भुक्तानी दिने निर्णय गरियो ।

ञ. भक्तपुर नगरपालिकाद्वारा संचालित बा १ क ३५५८ नं ट्रिपरमा आवश्यक मर्मत तथा सर्भिसिङ्ग गराए वापत रु.३९,८३१।३२ अशोक आई टि ईन्जिनियरिङ्ग सर्भिसेस प्रा.लि लाई भुक्तानी दिने निर्णय गरियो ।

ट. भक्तपुर नगरपालिकाद्वारा संचालित बा १ क ३५५८ नं. फोहोर मैला संकलन गर्ने ट्रिपर गाडीमा आवश्यक मर्मत गरे वापत रु.२८,२५०।- भक्तपुर अटो पार्टस्लाई भुक्तानी दिने निर्णय गरियो ।

ठ. भक्तपुर नगरपालिकाद्वारा संचालित बा १ ग ४१३८ नं को फोहोरमैला संकलन गर्ने गाडीमा ईन्जिन आयल, फ्युल फिल्टर, आयल फिल्टर तथा अन्य सामान फेरे वापत रु.१२,५७४।४६ जि एफ आई सर्भिसेस काठमाण्डौं प्रा.लि. लाई भुक्तानी दिने निर्णय गरियो ।

ड. भक्तपुर नगरपालिकाद्वारा संचालित बा प्र ०१-००८-४१८५ नं. स्काई भाईटार डोजरमा एडिवाटर फाईन बनाए वापत रु.१५,३०१।- भाजु रत्न एजेन्सी प्रा.लि लाई भुक्तानी दिने निर्णय गरियो ।

ढ. भक्तपुर नगरपालिकाद्वारा संचालित बा ३४ प ८८३३ नं. को मा`टरसाईकलमा चेक स्प्रोकेट गरी आवश्यक सर्भिसिङ्ग गरे वापत रु.२,६२५।- लक्ष्मी अटो वर्कशपलाई भुक्तानी दिने निर्णय गरियो ।

ण. भक्तपुर नगरपालिकाद्वारा संचालित फोहर मैला संकलन गर्ने BAB 7277 नं. गाडीमा पंचर टाले वापत रु.८,९०।- तुलसी राम हेंगजुलाई भुक्तानी दिने निर्णय गरियो ।

त. भक्तपुर नगरपालिकाको आयोजनामा २०७६ देखि २०७९ सालका उत्कृष्ट पुरुष तथा महिला खेलाडीहरुलाई बधाई तथा अन्तर्राष्ट्रिय खेलकूद प्रतियोगितामा पदक प्राप्त गर्न सफल खेलाडी, रेफ्रि तथा निर्णायकहरुलाई सम्मान कार्यक्रमको लागि भनपा १ का वडाध्यक्ष श्री श्याम कृष्ण खत्रीले रु. ४,००,०००।- (अक्षेरुपी चार लाख रुपैया) पेश्की लिएकोमा जम्मा रु.३,५८,९९३।- बराबरको बिल भर्पाई पेश गरी बांकी रकम रु.४१,००७।- फिर्ता लिई निजको नाममा रहेको पेश्की फछ्र्यौट गर्ने निर्णय गरियो ।

थ. नपामा विभिन्न समयमा खाजा उपलब्ध गराए वापत रु.८९,४२५।- दिब्य स्विट्सलाई भुक्तानी दिने निर्णय गरियो

द. भक्तपुर नगरपालिकाको १४ औं नगर सभामा खाजा व्यवस्था गरिदिए वापत रु.१,९२,५८०।२५ सूर्यविनायक पार्टी भेनुलाई भुक्तानी दिने निर्णय गरियो ।

ध. भक्तपुर नगरपालिकामा विभिन्न समयमा खाना उपलब्ध गराए वापत रु.१२,१३०।- सुवर्ण भोजनालयलाई भुक्तानी दिने निर्णय गरियो ।

न. भक्तपुर नगरपालिकामा विभिन्न समयमा खाजा उपलब्ध गराए वापत रु.५,१४०।- भ्रःछें नेवारी खाजा घरलाई भुक्तानी दिने निर्णय गरियो ।

प. भक्तपुर नगरपालिकाद्वारा संचालित अफसेट प्रेसमा आवश्यक छपाई गर्दा खाना उपलब्ध गराए वापत रु.१,२८०।- लक्ष्मण सुवाललाई भुक्तानी दिने निर्णय गरियो ।

फ. भक्तपुर नगरपालिकाद्वारा संचालित बा ३ च ८७७ नं को फोहोर मैला संकलन गर्ने गाडीमा आवश्यक मर्मत गरे वापत रु.४,२००।- राजेश भैनात्वलाई भुक्तानी दिने निर्णय गरियो ।

ब. भक्तपुर नगरपालिकाको सचिवालयमा विभिन्न समयमा विस्कुट तथा फलफूल उपलब्ध गराए वापत रु.११,२९०।- आर.के.जुस सेन्टरलाई भुक्तानी दिने निर्णय गरियो ।

भ. भक्तपुर नगरपालिकाबाट विभिन्न मितिमा प्रेषित पत्र तथा विज्ञापन नमूना बमोजिम मजदुर दैनिक पत्रिकामा विज्ञापन प्रकाशित गरिए वापत रु.२,१०,८५४।- मजदुर दैनिकलाई भुक्तानी दिने निर्णय गरियो ।

म. मिति २०८० जेठ ३ गतेदेखि ८ गतेसम्म कोशी प्रदेशको विभिन्न स्थानीय निकायहरुको अध्ययन भ्रमणको लागि कार्यपालिका सदस्य श्री उकेश कवांले रु. ३०,०००।- पेश्की लिएकोमा जम्मा रु.१२,२३०।- को बिल भर्पाई पेश गरी बांकी रकम रु. १७,७७०।- फिर्ता लिई निजको नाममा रहेको पेश्की फछ्र्यौट गर्ने निर्णय गरियो ।

**य. पसल बहाल मिनाहा सम्बन्धमा**

भक्तपुर नगरपालिका वडा नं. ५ स्थित अरनिको सभा भवन पछाडिको तरकारी बजार पसल नं. ३ र ४ मा प्लाष्टिकको सामान थुपारी राख्ने भ.न.पा. ५ बस्ने शिल्जा भनिने चन्चला प्रधानाङ्ग मानसिक रुपमा तन्दुरुस्त नभएको कारण घर व्यवहार विग्रेको तथा उक्त कोठामा रहेको प्लाष्टिकका सामान पनि कुहिने संभावना भएको भनी निजको दिदी शुशीला राजभण्डारी र मामा राजेन्द्रमान ताल्चाभडेलले व्यवहार मिलाई दिन र सामान थुपारेको समय कोभिडको समय भएको कारण पसल नचलेकोले बहाल वापतको रकम मिनाहा गरिदिन निवेदन दिएकोमा सो अनुसार वडा तथा नगरपालिकाबाट कारवाही अगाडी बढी पसलमा रहेको सामान लिलाम बिक्री गरी रु ६,२५,०००।- नगरपालिकाको धरौटी खातामा जम्मा भएको र उल्लेखित पसलहरुमा सामान थुपारेको पसल बहाल रु.४,००,०००।- भएकोमा उक्त भवनको पसल नं. ३ र ४ निज चन्चला प्रधानाङ्गको दाजु रत्न प्रसाद प्रधानाङ्गले मिति २०७३।०७।०१ देखि बहालमा लिई संचालन गरेको र दाजु रत्नप्रसाद प्रधानाङ्ग र भाई दिपेश प्रधानाङ्गको मृत्युपछि मानसिक रुपले कमजोर बनेकी निज चन्चला प्रधानाङ्गलाई हेरविचार गर्ने परिवारमा कोही नभएकोले ५ नं. वडा कार्यालय तथा प्रहरी कार्यालयका प्रतिनिधिहरुको रोहवरमा शंखरापुर नगरपालिका वडा नं. ६,साँखु,काठमाडौंमा रहेको नीता फाउण्डेशन अन्तर्गतको महिला पुनर्स्थापना केन्द्रमा निजलाई उपचारको लागि भर्ना गरी हाल उपचाररत रहेको र निजको बसोबास रहेको घर समेत सहकारीको ऋणको कारण लिलाम ब्रिकीको अवस्थामा रहेको भनी मितिः २०८०।०३।२४ मा नगरपालिकामा पेश भएको निवेदन सम्बन्धमा कोभिडको प्रभावका कारण व्यवसाय नचलेको तथा मानसिक रुपमा असन्तुलित भै उपचाररत असहाय महिला भएको अवस्थालाई ध्यानमा राखी निजले बुझाउनु पर्ने बहालमा ७५% अर्थात ३,००,०००।- मिनाहा दिई रु १,००,०००।- बहाल बापत नगरपालिकामा आम्दानी बाँधि बांकी रु.५,२५,०००।- निवेदकहरुको माग तथा वडा कार्यालयको सिफारिस अनुसार लायकु लुँध्वाका बचत तथा ऋण सहकारी संस्था लि., गपलीलाई ऋण तिर्ने प्रयोजनको लागि उपलब्ध गराउने निर्णय गरियो ।